

# विकास! विकास!!

## नाश हुने विकास हो कि?

# विकास! विकास!! नाश हुने विकास हो कि?

आफ्नो देशको विकास, आफ्नो गाउँमा विकास, हामी सबैको विकास हुनुपर्छ भनी धेरै मानिसहरूले सोचविचार गर्छन्। किसानहरूले विकासी मल चलाउँछन्; बजारमा विकासी आलु र मकै पाइन्छ। सरकारले अनेक विकासका आयोजनाहरू बनाउँछ; ब्याङ्कले यसैको लागि ऋण दिन्छ। सबैको इच्छा यही हो: हामी बढ्नुपर्छ; हामीले उन्नति गर्नुपर्छ; हामी माथि पुग्नुपर्छ। कतिले अरू देशहरूमा विकास भइसकेको स्थिति देखेर त्यही स्तरमा पुग्न चाहन्छन्; आफ्नै विकास नै पहिलो लक्ष्य बनाएर तिनीहरू त्यतातिर लम्केका छन्। यसको विरोध हामी यहाँ गर्दैनौं, तर यसो गर्दा-गर्दै कस्ता-कस्ता खतराहरूबाट हामी जोगिनुपर्छ, सो कुरा हामी देखाउन चाहन्छौं।

ठूलो नै राम्रो भन्दै हामीमध्ये धेरैले किनमेल/सौधा गर्दा धोका पाएका छौं। तिनीहरूले ठूला-ठूला, राम्रा-राम्रा आलु किने, तर ती भित्र खोक्रा थिए, स्वादिला थिएनन्, अनि छिट्टै कुहे। बाहिर हेर्दा कति थोक सुन्दर देखा पर्छन्, तर भित्र भने तिनीहरूको गुणै राम्रो छैन भन्ने कुरा कसले अनुभवबाट थाह पाएको छैन र? तब विकास, विकास भन्दै के हामी होशियार बस्नुपर्दैन र? के विकासको नाममा आएका सबै थोक असल हुन्? के यिनलाई जाँचेर हेर्नुपर्दैन?

हामी यहाँ तपाईंलाई इतिहासबाट कति उदाहरण दिन्छौं, जसबाट तपाईंलाई राम्रो ज्ञान मिल्छ भन्ने हाम्रो दृढ़ विश्वास छ; किनभने हाम्रै आँखाको सामु हामीलाई सतर्क बनाउने प्रमाणहरू हामीले घरिघरि पाएका छौं। के तपाईं हामीसँग यिनलाई एकक्षण नियालेर हेर्न तयार हुनुहुन्छ?

अहिले म तपाईंलाई मध्य-दक्षिण अमेरिकामा लान चाहन्छु र तपाईंलाई एउटा विशेष कुरा देखाउँछु। त्यहाँ घोर जङ्गल र अग्ला-अग्ला पहाड़हरूमा

माया र इन्का नाम गरेका जातिहरूका एकदम प्रख्यात प्रचीन अवशेषहरू पाइन्छन्। जब इस्वी संवत्को सोरौं शताब्दीमा युरोपबाट भारततिर समुद्र–यात्रा गर्न चाहने मानिसहरू पहिलो पल्ट अमेरिकामा पुगे, तब तिनीहरूले माया–जातिका मानिसहरू विकसित भइसकेका र आफूभन्दा एकदम सभ्य अवस्थामा भेट्टाए। इतिहासकारहरूले भन्छन्: इन्का–जातिका मानिसहरू यति विकसित थिए कि उनीहरूको हिसाब निकाल्ने तरिका हालमा चलिआएका कम्प्यूटरसित तुलना गर्न सकिन्छ। उनीहरूले यति अचम्म प्रकारले घर र शहरहरू बनाए कि पर्खालका ढुङ्गाहरूको बीचमा उनीहरूले कुनै सिमेन्टी–मसाला नलगाई ती जोड़ेका थिए। जोरिएका ढुङ्गाहरूको बीचमा कुनै छुराको धार पनि पस्न सक्दैन। पेरू–देशको मचुपिछु भन्ने ठाउँमा यस्तो अद्‌भुत रीतिले निर्माण गरिएको शहर आज पनि देख्न सकिन्छ।

तर दु:खको कुरा के हो भने इन्का र माया–जातिका मानिसहरू पराजित भए। स्पेनका मानिसहरूले उनीहरूलाई सजिलैसँग जित्न सके। इतिहासकारहरूले खोजेर यसको कारण पत्ता लगाए – उनीहरूका शत्रुहरू उनीहरूभन्दा बलिया भएका हुनाले उनीहरू हारेनन्, तर उनीहरूको समाज भित्रैदेखि बिग्रेको थियो। उनीहरू विलासी जीवन बिताउँथे, र यसले गर्दा नाश भए।

माया र इन्का–जातिको इतिहास एक उदाहरण मात्र हो। हामी बेबिलोन, ग्रीक र रोमी साम्राज्यहरूको उत्थान र पतनको विषयमा पढ्यौं भने हामी पनि यही अचम्मको कुरा थाह गर्छौं कि यी जम्मै शक्तिशाली, विकसित देशहरू पराजित भई नाश भए। जब उनीहरूले उन्नति गरे, र चरमसीमामा पुगे, तब चाँड़ै उनीहरू नाश पनि भए। किन होला? किनकि जब उनीहरूको फलिफाप भयो, तब उनीहरू विलासी बने। नाश हुने मुख्य कारण यही थियो।

यसकारण हामी यहाँ नाश हुन लागेको अवस्थामा पुगेका देशहरूको बारेमा यति भन्न सक्छौं कि जब यी देशका मानिसहरूले उन्नति गरे, तब तिनीहरूमा यी डरलाग्दा गुणहरू पनि देखा परे। उनीहरूले परिश्रम गर्न छोड़े; उनीहरू अल्छे बन्न थाले; उनीहरूमा ईश्वरको डर रहेन। उनीहरूले मनोरञ्जनको लागि जिउन थाले। उनीहरू पाप गर्नदेखि डराएनन्, तर धन भएसम्म हरेक पापको अभिलाषा पूरा गरे। तब अश्लील भई उनीहरूले व्यभिचार गर्ने प्रशस्त उपायहरूले रचे। पछि शोषण, अत्याचार, हत्या, अशान्ति, कोलाहल र क्रान्तिहरू उनीहरूमा सधैं पाइए। मानिसको जीवन उनीहरूको दृष्टिमा कुनै मूल्यको भएन। अन्तमा उनीहरूले तान्त्रिक शक्तिमा र गुप्त विद्यामा सहारा लिएका हुनाले झन् परमेश्वरको क्रोधका पात्र बने।

पापले गर्दा आफूमाथि दण्डको आज्ञा ल्याएर उनीहरू नाश भए। धर्म-सुधारमा प्रख्यात भएका मार्टिन लुट्टरले परमेश्वरको वचन पवित्र बाइबलबाट पूर्वज्ञान पाई यसो भनेः *'पापले नै मानिसहरूलाई सर्वनाश गर्छ।'* तर पश्चिमी देशहरूमा कसले यस कुरामा ध्यान दिएको छ र? कसैले पनि वास्ता नगरेको जस्तो हामीलाई लाग्छ; किनभने पश्चिमी देशहरूमा हामीले माथि उल्लेख गरिएका सबै विनाशकारी पापका चिन्हहरू पूरा हुँदै आएका देख्दछौं। तब के हामी बेहोशी भई उनीहरूबाट पाप गर्न सिक्ने? र उनीहरूजस्तै विनाशको बाटोमा लाग्ने? जब हामी उन्नति गर्दै अघि बढ्छौं र माथि पुग्न खोज्छौं भने - के हामीले यी कुराहरूबाट चेताउनी लिनुपर्दैन र? ऐतिहासिक प्रमाणहरूमा हामीले ध्यान दिएनौं भने त कसरी हामी परमेश्वरको वचन सुनेर ज्ञान बढ़ाउन सक्छौं त? किनभने पवित्र बाइबलमा यसरी लेखिएको छः

**हेर, दुष्टहरू यिनीहरू हुन्, जसले यस युगमा फलिफाप गर्छन्; तिनीहरू धनसम्पत्ति बढ़ाउँछन्।** **भजनसंग्रह ७३:१२**

दुष्ट, अधर्मी मानिसहरूले यस संसारमा फलिफाप गर्छन् र आफ्नो धनसम्पत्ति बढ़ाउँछन् भन्ने कुरामा हामी छक्क पर्नुहुँदैन; किनकि छल गरेर वा ठगेर पाएको धनमा लाभ हुँदैन। यसो गरी उन्नति गर्ने मानिस चाँड़ै परमेश्वरको न्यायमा पर्नेछ। **हितोपदेश ११:२१: यो कुरा निश्चित छः दुष्ट मानिस दण्डबिना उम्कनेछैन।**

किनभने यो कुरा निश्चित छः दुष्ट मानिसको फलिफाप एकक्षणको लागि मात्र हो। त्यसको न्यायको घड़ी आउँदैछ। त्यसलाई दण्ड नदिई परमेश्वरले त्यसलाई छोड्नुहुन्न; किनभने सत्य परमेश्वर धर्मी र न्यायी हुनुहुन्छ। उहाँले हरेक मानिसलाई आफ्ना कामहरूअनुसार प्रतिफल दिनुहुन्छ।

**जसले आफ्नो ढोका अग्लो पार्छ, त्यसले विनाश खोजेको छ।** **हितोपदेश १७:१९**

यसकारण हामीलाई आफ्नो विषयमा होशियार बस्नु खाँचो छ; नत्र ता हामीले आफ्नो उन्नति र विकास खोज्दै आफूमाथि परमेश्वरको दण्ड ल्याउनेछौं। यसमा हाम्रो कुनै लाभ हुँदैन। जीवित परमेश्वरको हातमा पर्नु ज्यादा खतरा कुरा हो।

**मैले संसारमा अझै एउटा कुरा देखें - वेगसित दगुर्नेहरूले दौड़ जित्ने होइनन्, न शक्तिशालीहरूले लड़ाइँ जित्छन्; अनि बुद्धि लगाउनेहरूका निम्ति भोजन हुँदैन, न समझदारहरूका निम्ति धनसम्पत्ति हुन्छ, न ता सीप भएका मानिसहरूका निम्ति अनुकूलता हुन्छ। तर समय र संयोग तिनीहरू सबैमाथि आइपर्छ; किनभने मानिसले आफ्नो समय जान्दैन। माछाहरू खराबी जालमा परेझैं र चराहरू पासोमा फसेझैं मानिस-**

**हरूमाथि झट्टै आइलाग्ने खराबी समयमा तिनीहरू पासोमा पर्छन्।**
**उपदेशक ९:११-१२**

हामी आफूलाई अरूभन्दा छिटो, बलियो, बुद्धिमानी र सिपालो सम्झे तापनि यसरी नै हाम्रो उन्नति हुनेछैन; बरु अचानक पासोझैं खराब दिन हामीमाथि आइपर्ला।

**हाय! हाय! मिहिन मलमल, बैजनी र सिन्दूरे कपड़ा पहिरेको, सुन, रत्न र मोतीहरूले सिँगारिएको यो महान् शहर; किनभने एकै घण्टामा यति धेरै धनसम्पत्ति उजाड़ भयो। प्रकाश १८:१६-१७**

एकै घण्टामा हाम्रो उन्नतिशील स्थिति बदल्न सक्छ, र कहीं हामीले आफूलाई अफसोसी र शोकित अवस्थामा भेट्टाउनुपर्ला कि?

**हेर, देश-देशका मानिसहरूले आगोको निम्ति मात्र परिश्रम गर्छन् र जाति-जातिका मानिसहरूले व्यर्थैमा आफैलाई थकाउँछन् - के यो सेनाहरूका परमप्रभुबाट होइन र? हबकूक २:१३**

उन्नति गर्न खोज्दा-खोज्दै हामीले आगोको निम्ति मात्र अर्थात् विनाशको लागि व्यर्थैमा परिश्रम गरेका छौं कि भन्ने डर छ। यसकारण हामीले यी पवित्र बाइबलका वचनहरूबाट चेताउनी लिनु र आफ्नो जीवन नियालेर हेर्नुपर्छ। सायद हाम्रो विकास नाश हुने विकास मात्र हो कि?

**परमप्रभुले घर बनाउनुहुन्न भने यसको बनाउनेहरूले व्यर्थमा परिश्रम गर्छन्। परमप्रभुले शहरको रक्षा गर्नुहुन्न भने पाले व्यर्थमा जागो बस्छ। भजनसंग्रह १२७:१-२**

तपाईंको घरपरिवारको उन्नति गर्न खोज्दा तपाईंले यो एउटा कुरा याद गर्नुपर्छ: हाम्रो सृष्टिकर्ता परमेश्वरको आशिषबिना हाम्रो परिश्रम व्यर्थै छ। आफ्नो गाउँ र देशलाई बिग्रिनदेखि जोगाउन खोज्दा हामीलाई परमप्रभुको सहायता र रक्षा एकदम खाँचो पर्छ। के तपाईंले यस महत्त्वपूर्ण कुरामा ध्यान लगाउनुभएको छ?

**परमप्रभु भन्नुहुन्छः ज्ञानी मानिसले आफ्नो ज्ञानमा घमण्ड नगरोस्, बलियो मानिसले आफ्नो बलमा घमण्ड नगरोस् र धनी मानिसले आफ्नो धनमा घमण्ड नगरोस्; तर जसले गर्व गर्दछ, ऊसँग मेरा विषयमा ज्ञान छ र मलाई चिन्दछ - यसैमा उसले गर्व गरोस्; र उसले यो पनि जान्दछ कि म नै परमप्रभु हुँ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ; किनभने यी नै कुरीहरूमा म प्रसन्न हुन्छु,' परमप्रभु भन्नुहुन्छ। यर्मिया ९:२३-२४**

यसकारण तपाईंको लागि हाम्रो सन्देश यही हो: आफ्नो ज्ञानमा, आफ्नो बलमा, आफ्नो धनमा गर्व नगर्नुहोस्! तपाईंले एकमात्र सत्य जिउँदो परमेश्वरलाई चिन्ने विषयमा गर्व गर्न सक्नुपर्छ। के उहाँको विषयमा तपाईंसित पक्का ज्ञान छ? के तपाईं उहाँको अपार प्रेम र दयाको भागी हुनुभएको छ? के तपाईं उहाँको डर मान्नुहुन्छ? के तपाईंको जीवन उहाँको सामु ग्रहणयोग्य छ? के तपाईंले परमेश्वरलाई खुशी पार्न जान्नुभएको छ? यी कुराहरूमा तपाईंको साँचो उन्नति भर पर्छ।

**समय पूरा भएको छ, र परमेश्वरको राज्य नजिकै आएको छ; पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर। मर्कूस १:१५**

अब समय धेरै छैन; चाँड़ै हामी सबैजनाले परमेश्वरको सामु आफ्नो जीवनको लेखा दिनुपर्छ। यसकारण प्रभु येशूको शुभ-सन्देशमा कान लगाउनुहुन तपाईंलाई प्रेमसाथ आग्रह गर्छौं। परमेश्वरको सामु तपाईंको जीवन कसरी ग्रहणयोग्य हुन्छ, सो उहाँले तपाईंलाई सफासँग बताउनुहुन्छ। आफ्ना सबै पाप र अधर्महरूको बारेमा पछुताउनुहोस् र सम्पूर्ण मन साँचो परमेश्वरतिर फर्काउनुहोस्; उहाँको सामु आफ्ना पाप मानिलिनुहोस्! आफ्ना पापको बारेमा कयाल भएको, पश्चात्तापी मानिसलाई परमेश्वरले इन्कार गर्नुहुन्न। यसैले उहाँको सामु आफूलाई नम्र पार्नुहोस्!

**किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो – येशूमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर उसले अनन्त जीवन पाओस्। यूहन्ना ३:१६**

प्रभु येशूको नाममा पापको क्षमा छ। उहाँमाथि भरोसा राख्ने कोही शर्ममा पर्नेछैन। परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ; यसैले उहाँले आफ्नो एकमात्र पुत्र प्रभु येशूलाई यस संसारमा पठाउनुभयो। क्रूसमा मरेर प्रभु येशूले हाम्रो सट्टामा पापको सजाय भोग्नुभयो। हामी सबका पापहरूका निम्ति उहाँले आफ्नो निर्दोष, बहुमूल्य रगत बगाउनुभयो। यसरी उहाँ तपाईं र मेरो निम्ति पाप–बलि हुनुभयो। परमेश्वरको वचनले के भन्दछ भने उहाँमाथि विश्वास गर्ने कोही पनि नाश हुनेछैन, तर उसले अनन्त जीवन पाउँछ। यसकारण प्रभु येशूमाथि विश्वास गर्नुहोस् र उहाँलाई नै तपाईंको जीवनको बलियो जग बनाउनुहोस्! तब तपाईंले साँचो गरी उन्नति गर्नुहुनेछ।

**सारा संसार प्राप्त गरे तापनि मानिसले आफ्नो प्राणचाहिँ गुमायो भने त्यसलाई के फाइदा भयो? मत्ती १६:२६**

संसारका थोकको पछि लागेर तपाईं किन आफ्नो अमूल्य आत्मा गुमाउन चाहनुहुन्छ? यसमा तपाईंलाई कुनै लाभ हुँदैन। प्रभु येशू जिउँदो प्रभु हुनुहुन्छ। मरेको तेस्रो दिनमा उहाँ फेरि जीवित हुनुभयो र चालीस दिनसम्म आफ्ना चेलाहरूकहाँ देखा पर्नुभयो। धेरै अचूक प्रमाणहरू दिएर प्रभु येशूले आफूलाई जीवित देखाउनुभयो; त्यसपछि उहाँ स्वर्ग चढ़ी परमेश्वरको दाहिने हातपट्टि सिंहासनमा बस्नुभयो। विश्वाससाथ उहाँकहाँ आएर शरण लिने हरेकको निम्ति उहाँ दयालु प्रभु र मुक्तिदाता हुनुहुन्छ। यसकारण येशूको नाम पुकार्नुहोस् र तपाईंको जीवन उहाँको हातमा सुम्पनुहोस्! प्रभु येशूको सत्य वचन आफ्नो हृदयमा राखेर उहाँलाई पछ्याउनुहोस्! तब तपाईंको भविष्य उज्यालो हुनेछ।